नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २२१

मितिः २०८२/०९/२३

नेपाल संवत् ११४६

विषयः भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाको प.सं. २०८२/०८३, च.नं. १५०, मिति २०८२/०९/२१ को भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी पत्र र सोसाथ प्राप्त औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पत्र र गोरखापत्रमा प्रकाशित सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

प.सं.:२०८२/०८३
च. नं.:- १२०

मितिः- २०८२/०९/२१

विषयः आवश्यक समन्वय गरिदिने सम्बन्धमा।

श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं।

प्रस्तुत विषयमा नेपाल सरकार उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट "स्वीकृत भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम २०८२" बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सिप, कला संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग पुर्याउने उद्देश्यले मिति २०८२/०९/१४ को गोरखापत्रमा सूचना प्रकाशित गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दै सो सूचना सम्बन्धित सबैको जानकारीका लागि तहाँ मन्त्रालयमार्फत सबै स्थानीय तहहरुमा पठाउने व्यवस्था गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८२-०९-२१
अन्जु पोखरेल
उपसचिव

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

(An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्याः ०८२/८३
चलानी नं.: १४०

मितिः २०८२/०९/१४

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा
सिंहदरबार, काठमाडौं ।

विषयः भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने लक्ष्यले मिति २०८२/०९/१४ को गोरखापत्रमा सम्बन्धित लाभग्राहीलाइ फारम भर्न प्रतिष्ठानले सूचना प्रकाशित गरेको छ। लक्षित लाभग्राहीहरुले अनलाइन मार्फत https://bams.iedi.gov.np मा गएर फारम भर्न सक्ने तथा प्रतिष्ठानको वेबसाइट https://iedi.gov.np मा गएर फारम डाउनलोड गरि भौतिक रुपमै प्रतिष्ठानमा उपस्थित भई आवेदन पेश गर्न सक्ने व्यवस्था प्रतिष्ठानले गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ। सो कार्यक्रम गर्ने सम्बन्धमा तहाँ मन्त्रालयबाट पालिकास्तरमा कार्यरत उद्यम विकास सहजकर्ता (EDF) मार्फत लाभग्राहीलाइ सूचना पुर्‍याउन तथा फारम भर्न सहयोग गरिदिएर भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहयोग गरी दिनुहुन सादर अनुरोध गर्दछु।

श्री घरेलु सात्रा ०८० भर्मोला उ.पु.शा.(वि.)
९।२०

औ.प्र.
१४८

इ. उमेश कुमार गुप्ता
कार्यकारी निर्देशक

फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९, ५३६६१६२ इमेलः info@iedi.gov.np Website: https://iedi.gov.np

# भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/१४

गत सर्बजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम लित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, योग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि तरोन्नतिमा सहयोग उपलब्ध गराउने कार्यक्रम भएकाले यस कार्यक्रमका लाभग्राहीहरुले ो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र उद्यमशीलता विकास तालिमका ागि अनुसूची -१ बमोजिमको ढाँचामा र प्रविधि स्तरोन्नतिमा सहयोगका लागि अनुसूची-३ मोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**अनलाइन फारम https://bams.iedi.gov.np मार्फत भर्न सकिनेछ ।**

फारमको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट https://iedi.gov.np मा उपलब्ध छ ।

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान


**(An ISO 9001:2015 Certified Institution)**

त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९

**https://iedi.gov.np**